# नेपाल स्वास्थ्य व्यवसायी परिषद् नियमावली, २०५६

**नेपाल राजपत्रमा प्रकाशित मिति**

२०५६।४।२७

**संशोधन**

नेपाल स्वास्थ्य व्यवसायी परिषद् (पहिलो संशोधन) नियमावली, २०६९ २०६९।८।२५

नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यी नियमहरूको नाम "नेपाल स्वास्थ्य व्यवसायी परिषद् नियमावली, २०५६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ सम्झनु पर्छ ।

(ख) "विषय समिति" भन्नाले नियम १२ बमोजिम गठन भएको विषय समिति सम्झनु पर्छ ।

(ग) "पेशागत आचरण" भन्नाले नियम १३ बमोजिम निर्धारित पेशागत आचरण सम्झनु पर्छ ।

(घ) "जाँचबुझ समिति" भन्नाले नियम १४ बमोजिम गठन भएको जाँचबुझ समिति सम्झनु पर्छ ।

नेपाल कानून आयोग

(ङ) "स्वास्थ्य संस्था" भन्नाले राष्ट्रिय वा अन्तर्राष्ट्रिय सरकारी वा गैर सरकारी वा निजी स्तरबाट संचालित अस्पताल वा नर्सिङ्ग होम वा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी वा उपस्वास्थ्य चौकी वा अन्य कुनै नामबाट संचालित स्वास्थ्य संस्था सम्झनु पर्छ ।

(च) "निर्वाचन" भन्नाले ऐनको दफा ४ को उपदफा (१) को खण्ड (च) बमोजिमका सदस्यहरूको लागि हुने निर्वाचन सम्झनु पर्छ।

(छ) "मतदाता" भन्नाले नियम ३० बमोजिमको मतदाता सम्झनु पर्छ।

(ज) "उम्मेदवार" भन्नाले नियम ३१ बमोजिमको योग्यता पुगी निर्वाचनमा उम्मेदवार भएको व्यक्ति सम्झनु पर्छ ।

(झ) "निर्वाचन समिति" भन्नाले नियम ३३ बमोजिम गठन भएको निर्वाचन समिति सम्झनु पर्छ ।

## परिच्छेद-२

## नाम दर्ता सम्बन्धी व्यवस्था

३. **स्वास्थ्य व्यवसायीहरूको तह र नाम दर्ताको लागि आवश्यक न्यूनतम योग्यताः** √(१) स्वास्थ्य व्यवसायीलाई देहाय बमोजिमको तहमा वर्गीकरण गरिएको छः

(क) विशिष्ट तह,

(ख) प्रथम तह,

(ग) द्वितीय तह, र

(घ) तृतीय तह ।

(२) उपनियम (१) बमोजिम वर्गीकृत स्वास्थ्य व्यवसायीको रूपमा परिषद्मा नाम दर्ता गर्नको लागि सम्बन्धित स्वास्थ्य व्यवसायीले परिषद्बाट मान्यता प्राप्त शिक्षण

√ पहिलो संशोधनद्वारा संशोधित ।

संस्थाबाट देहाय बमोजिमको शैक्षिक योग्यता वा उपाधि वा तालिम प्राप्त गरेको हुनु पर्नेछ :-

√(क) विशिष्ट तहको लागि सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि प्राप्त गरेको,

√(ख) प्रथम तहको लागि सम्बन्धित विषयमा कम्तीमा स्नातक वा सो सरह उत्तिर्ण,

√(ग) द्वितीय तहको लागि सम्बन्धित विषयमा कम्तीमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण,

≥(घ) तृतीय तहको लागि सम्बन्धित विषयमा कम्तीमा एक वर्षको तालिम प्राप्त गरेको ।

**<u>स्पष्टीकरण</u>**ः यस नियमको प्रयोजनको लागि "मान्यता प्राप्त शिक्षण संस्था" भन्नाले परिषद्ले तोकेको शिक्षण संस्था सम्झनु पर्छ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुँदाका बखत नेपाल सरकारको स्वास्थ्य सेवामा बहाल रहेका कर्मचारीहरूको हकमा निजले सेवा प्रवेश गर्दाका बखत तोकिएको शैक्षिक योग्यता तथा उपाधि र सम्बन्धित विषयको तालिमलाई यस नियमावली बमोजिम नाम दर्ता गर्ने प्रयोजनको लागि न्यूनतम शैक्षिक योग्यता पुगेको मानिनेछ ।

≥(४) परिषद्ले तोकेको शर्त अनुरुप सञ्चालन नभएका शिक्षण संस्थाले उपलब्ध गराएको प्रमाणपत्र वा अन्य उपाधिलाई परिषद्ले मान्यता दिने छैन ।

४. **<u>नाम दर्ता तथा पुनः नाम दर्ता दस्तुर</u>** : √(१) स्वास्थ्य व्यवसायीको रुपमा परिषद्मा नाम दर्ता गर्नको लागि देहाय बमोजिमको दस्तुर लाग्नेछः-

(क) विशिष्ट तहको लागि दुई हजार रुपैयाँ,

---

√ पहिलो संशोधनद्वारा संशोधित ।

≥ पहिलो संशोधनद्वारा थप ।

(ख) प्रथम तहको लागि एक हजार पाँच सय रुपैयाँ,

(ग) द्वितीय तहको लागि एक हजार रुपैयाँ,

(घ) तृतीय तहको लागि सात सय रुपैयाँ ।

≥(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी शिक्षण संस्थाबाट शैक्षिक उपाधि वा तालीम प्राप्त गरेका व्यक्तिले परिषद्मा स्वास्थ्य व्यवसायीको रुपमा नाम दर्ता गर्नको लागि देहाय बमोजिमको दस्तुर लाग्नेछः-

(क) विशिष्ट तहको लागि चार हजार रुपैयाँ,

(ख) प्रथम तहको लागि तीन हजार रुपैयाँ,

(ग) द्वितीय तहको लागि दुई हजार रुपैयाँ,

(घ) तृतीय तहको लागि एक हजार पाँच सय रुपैयाँ ।

≥(१ख) उपनियम (१) र (१क) बमोजिम दस्तुर परिषद्को सिफारिसमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्न सक्नेछ ।

(२) नियम १३ बमोजिम पेशागत आचरणको उल्लंघन गरेको वा ऐनको दफा १९ बमोजिम नाम दर्ता भै परिषद्को दर्ता किताबबाट नाम हटेकोमा पुनः नाम दर्ता गर्नु परेमा शुरु नाम दर्ता दस्तुर सरहको दर्ता दस्तुर बुझाउनु पर्नेछ ।

(३) कुनै गैर नेपाली नागरिकले स्वास्थ्य व्यवसायीको रूपमा परिषद्मा आफ्नो नाम दर्ता गराउन चाहेमा √उपनियम (१क) बमोजिमको दस्तुरको दोब्बर दस्तुर बुझाउनु पर्नेछ।

**५. नाम दर्ताको लागि दरखास्त दिने :** (१) स्वास्थ्य व्यवसाय गर्नको लागि परिषद्मा आफ्नो नाम दर्ता गराउन चाहने व्यक्तिले अनुसूची-१ बमोजिमको ढाँचामा परिषद्मा दरखास्त दिनु पर्नेछ ।

---

≥ पहिलो संशोधनद्वारा थप ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिंदा नियम ३ को उपनियम (२) बमोजिम निर्धारित शैक्षिक योग्यता वा उपाधि तथा तालीमको प्रमाणपत्रको अतिरिक्त त्यस्तो शैक्षिक योग्यता वा उपाधि तथा तालीमको प्रमाणपत्रको सम्बन्धमा आधिकारिक निकायबाट दिइएको कागजात, नियम ४ बमोजिम निर्धारित नाम दर्ता दस्तुर र नेपाली नागरिक भए नेपाली नागरिकताको प्रमाणपत्र र गैर नेपाली नागरिक भए राहदानी वा निजको परिचय जनिने गरी सरकारी निकायबाट जारी भएको परिचयपत्र समेत संलग्न गर्नु पर्नेछ ।

६. **<u>दरखास्त उपर जाँचबुझः</u>** नियम ५ बमोजिम पर्न आएको दरखास्त उपर रजिष्ट्रारले आवश्यक जाँचबुझ गर्दा दरखास्त रीतपूर्वकको भएको, सम्पूर्ण कागजात तथा दरखास्त दस्तुर संलग्न भएको र शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधि मान्यता प्राप्त भएको देखेमा परिषद्को सम्बन्धित विषय समितिमा पेश गर्नु पर्नेछ ।

≥६क. **<u>थप विवरण तथा कागजात माग गर्न सक्ने</u>** : नियम ६ बमोजिम जाँचबुझ गर्दा थप विवरण तथा कागजात माग गर्न आवश्यक देखिएमा रजिष्ट्रारले दरखास्तवालासँग त्यस्तो विवरण तथा कागजात माग गर्न सक्नेछ ।

√७. **<u>प्रतिवेदन पेश गर्नु पर्ने</u>** : नियम ६ बमोजिम रजिष्ट्रारबाट प्राप्त भएका दरखास्तसाथ संलग्न शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य उपाधि छानविन गर्दा मान्यता प्राप्त शिक्षण संस्थाबाट उपलब्ध गराइएको र सम्बन्धित विषयसँग सम्बन्धित भएको देखिएमा सम्बन्धित विषय समितिले त्यस्तो दरखास्तवालाको परीक्षा लिई सो परीक्षामा निज सफल भएमा निजको नाम दर्ता गरी प्रमाणपत्र दिने सिफारिस सहितको प्रतिवेदन तीन महिनाभित्र परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

८. **<u>नाम दर्ताको निर्णयः</u>** (१) नियम ७ बमोजिम पेश हुन आएको विषय समितिको सिफारिस प्रतिवेदन उपयुक्त देखिएमा परिषद्ले विषय समितिले सिफारिस गरेको दरखास्तवालाको नाम परिषद्मा दर्ता गर्ने निर्णय गर्नेछ ।

---

≥ पहिलो संशोधनद्वारा थप ।

√ पहिलो संशोधनद्वारा संशोधित ।

(२) गैर नेपाली नागरिकको हकमा बढीमा एक वर्षको लागि नेपाल ≡.........मा स्वास्थ्य व्यवसायीको रूपमा काम गर्न पाउने गरी परिषद्मा नाम दर्ता गर्ने निर्णय गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम अवधि तोकी नाम दर्ता गराएको गैर नेपाली नागरिकले सो अवधि समाप्त भएपछि पुनः आफ्नो नाम परिषद्मा दर्ता गराउन चाहेमा पुनः नाम दर्ताको लागि दरखास्त दिनु पर्नेछ र त्यस्तो दरखास्त परेमा यस नियमावलीमा उल्लिखित अन्य कार्यविधि पूरा गरी परिषद्ले त्यस्ता गैर नेपाली नागरिकको नाम एक पटकमा एक वर्षमा नबढने गरी पुनः दर्ता गर्ने निर्णय गर्न सक्नेछ ।

९. **दर्ता किताबः** (१) स्वास्थ्य व्यावसायीको नाम दर्ताको प्रयोजनको लागि रजिष्ट्रारले अनुसूची-२ बमोजिमको ढाँचामा दर्ता किताब राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दर्ता किताब राख्दा स्वास्थ्य व्यवसायीहरूको विषयगत तथा तहगत आधारमा छुट्टाछुट्टै दर्ता किताब राख्नु पर्नेछ ।

१०. **नाम दर्ता प्रमाणपत्रः** (१) नियम ८ को उपनियम (१) बमोजिम परिषद्ले नाम दर्ता गर्ने निर्णय गरेका दरखास्तवालाको नाम रजिष्ट्रारले दर्ता कितावमा दर्ता गरी अनुसूची-३ बमोजिमको ढाँचामा दरखास्तवालालाई दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

(२) नियम ८ को उपनियम (२) बमोजिम कुनै गैर नेपाली नागरिकको नाम परिषद्मा दर्ता गर्ने निर्णय भएको रहेछ भने त्यस्तो गैर नेपाली नागरिकलाई अवधि तोकेर मात्र नाम दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

११. **नाम दर्ता नभएको जानकारी दिनेः** परिषदमा नाम दर्ताको लागि दिएको दरखास्त उपर कारबाई हुँदा परिषद्ले कुनै कारणवस त्यस्तो दरखास्तवालाको नाम दर्ता नगर्ने गरी निर्णय गरेकोमा रजिष्ट्रारले अनुसूची -४ बमोजिमको ढाँचामा सम्बन्धित दरखास्तवालालाई सो को जानकारी दिनु पर्नेछ ।

≡ दोस्रो संशोधनद्वारा झिकिएको ।

≥११क. **<u>रजिष्ट्रारको पदमा नियुक्त हुन चाहिने योग्यता</u>** : रजिष्ट्रारको पदमा नियुक्ति हुनको लागि स्नातकोत्तर वा सो भन्दा माथिको उपाधि हासिल गरी पाँच वर्षको अनुभव प्राप्त गरेको वा स्नातक वा सो सरहको उपाधि प्राप्त गरी दश वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ ।

## परिच्छेद-३

## विषय समिति सम्बन्धी व्यवस्था

**१२. <u>विषय समितिको गठन</u>** : √(१) ऐनको दफा १२ को प्रयोजनको लागि स्वास्थ्य व्यवसाय अन्तर्गत देहाय बमोजिमका विषय समितिहरू रहने छन् :-

(क) जनस्वास्थ्य समिति

(ख) चिकित्सा समिति

(ग) चिकित्सा विज्ञान प्रयोगशाला समिति

(घ) रेडियोलोजी समिति

(ङ) भौतिक चिकित्सा तथा पुनः स्थापना समिति

(च) आयुर्वेद समिति

(छ) दन्त विज्ञान समिति

(ज) नेत्र विज्ञान समिति

(झ) विविध समिति

(२) उपनियम (१) बमोजिम गठित समितिहरू अन्तर्गत रहने विषयहरू परिषद्ले तोके बमोजिम हुनेछ ।

(३) उपनियम (१) बमोजिमका विषय समितिहरूमा देहाय बमोजिमका संयोजक तथा सदस्यहरू रहने छन् :-

---

≥ पहिलो संशोधनद्वारा थप ।

√ पहिलो संशोधनद्वारा संशोधित ।

नेपाल कानून आयोग

(क) विषयसँग सम्बन्धित सदस्यहरूमध्येबाट परिषद्ले तोकेको एकजना -संयोजक

(ख) सम्बन्धित विषय अध्ययन अध्यापन गराइने शिक्षण संस्थाबाट परिषद्ले तोकेको कम्तीमा उप-प्राध्यापक स्तरको एकजना -सदस्य

(ग) सम्बन्धित विषयका विशेषज्ञहरू मध्ये परिषद्ले तोकेको विशेषज्ञ √<u>एकजना</u> -सदस्य

≥(ग१) परीक्षा सञ्चालन सम्बन्धमा अनुभव भएका व्यक्तिहरु मध्येबाट परिषद्ले तोकेको एकजना -सदस्य

(घ) रजिष्ट्रार -सदस्य-सचिव

(४) उपनियम (३) को खण्ड (क) को प्रयोजनको लागि विषयसँग सम्बन्धित व्यक्ति परिषद्को सदस्य नभएको अवस्थामा अन्य सदस्यहरूमध्येबाट विषय समितिको संयोजक तोकिनेछ ।

## परिच्छेद-४
## पेशागत आचरण सम्बन्धी व्यवस्था

**१३. <u>पेशागत आचरण</u>** : (१) ऐनको दफा १८ को उपदफा (१) को खण्ड (ख) को प्रयोजनको लागि दर्तावाला स्वास्थ्य व्यवसायीहरूले स्वास्थ्य व्यवसाय गर्दा देहाय बमोजिमको पेशागत आचरणको पालना गर्नु पर्नेछ :-

(क) <u>अनुशासन तथा इमान्दारीता:</u> अनुशासित रूपमा ईमान्दारीताका साथ स्वास्थ्य व्यवसाय गर्नु पर्नेछ ।

√ पहिलो संशोधनद्वारा संशोधित ।

≥ पहिलो संशोधनद्वारा थप ।

(ख) <u>शिष्टता तथा गोप्यता कायम राख्ने</u>: स्वास्थ्य व्यवसायको क्रममा सम्पर्कमा आउने व्यक्तिहरूसँग शिष्ट व्यवहार गर्नु पर्नेछ । कसैको व्यक्तिगत जीवनको बारेमा वा स्वास्थ्यको बारेमा आफूलाई जानकारी भएको कुरा प्रचलित कानून बमोजिम कसैलाई बताउनु पर्ने अवस्थामा बाहेक अन्यत्र कतै व्यक्त गर्न हुँदैन ।

(ग) <u>भेदभाव गर्न नहुने</u>: व्यावसायिक ज्ञान र सीपको प्रयोग गर्दा धर्म, वर्ण, लिङ्ग र सामाजिक जातजाति वा अन्य कुनै पनि कुराको आधारमा कुनै पनि व्यक्ति उपर भेदभाव गर्नु हुँदैन ।

(घ) <u>जिम्मेवारीभित्रको काम मात्र गर्नु पर्ने</u>: आफूले अध्ययन गरेको विषय वा हासिल गरेको ज्ञान र सीपसँग सम्बन्धित क्षेत्रभित्रको मात्र कार्य वा सुझाव वा सिफारिस गर्नु पर्नेछ । आफ्नो जिम्मेवारी तथा कार्य क्षेत्रभित्र नपर्ने विषयमा सम्बन्धित विषयको ज्ञान र दक्षता हासिल गरेको विशेषज्ञ कहाँ सिफारिस गर्नु पर्नेछ ।

(ङ) <u>स्वास्थ्य व्यवसायमा आँच आउने कार्य गर्न नहुने</u>: सेवा वापत पाउने पारिश्रमिक भत्ता तथा अन्य सुविधा बाहेक पेशागत व्यवसायको प्रचार प्रसार गरी कुनै किसिमको अनुचित आर्थिक लाभ प्राप्त गर्न वा स्वास्थ्य व्यवसायको सेवामा आँच आउने किसिमको कुनै अनुचित क्रियाकलाप गर्न हुँदैन ।

(च) <u>व्यक्तिगत उत्तरदायित्व</u>: स्वास्थ्य व्यवसायीले व्यवसायको सन्दर्भमा आफूले गर्ने प्रत्येक काम व्यक्तिगत रूपमा उत्तरदायी हुने गरी गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्धारित पेशागत आचरणको पालना गर्नु गराउनु सम्बन्धी सबै स्वास्थ्य व्यवसायीहरूको कर्तव्य तथा जिम्मेवारी हुनेछ ।

(३) उपनियम (१) बमोजिम निर्धारित पेशागत आचरणको पालना नगरेमा पेशागत आचरणको उल्लंघन गरेको मानिनेछ ।

नेपाल कानून आयोग

## परिच्छेद-५

## नाम हटाउने सम्बन्धी कार्यविधि

१४. **जाँचबुझ समितिः** कुनै स्वास्थ्य व्यवसायीले नियम १३ बमोजिम पेशागत आचरणको उल्लंघन गरेको वा ऐनको दफा १९ बमोजिम परिषद्को दर्ता किताबमा स्वास्थ्य व्यवसायीको रूपमा नाम दर्ता गराएको भन्ने कुरा कुनै माध्यमबाट परिषद्लाई जानकारी हुन आएमा परिषद्ले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रतिवेदन पेश गर्न कुनै सदस्यको संयोजकत्वमा एक वा तीन सदस्यीय जाँचबुझ समिति गठन गर्नेछ ।

१५. **बयान गराउने तथा सबुत प्रमाण पेश गर्न लगाउने :** पेशागत आचरण उल्लंघन गरेको वा ऐनको दफा १९ बमोजिम नाम दर्ता गराएको आरोप लागेको व्यक्तिलाई जाँचबुझ समितिले बयान गराउन र निजउपर लागेको आरोपको विरुद्ध सबुत प्रमाणहरू पेश गर्न लगाउन सक्नेछ ।

१६. **सफाइ पेश गर्ने मौका दिनु पर्ने :** (१) पेशागत आचरण उल्लंघन गरेको वा ऐनको दफा १९ बमोजिम नाम दर्ता गराएको आरोप लागेको व्यक्ति उपर छानबिनको क्रममा जाँचबुझ समितिले त्यस्तो व्यक्तिलाई कारबाही गर्न लागेको कारण उल्लेख गरी सो सम्बन्धमा आफ्नो सफाई पेश गर्ने कम्तीमा तीस दिनको म्याद दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सफाई पेश गर्ने मौका दिंदा निज उपर लगाइएको आरोप स्पष्टरूपले किटिएको र प्रत्येक आरोप कुन-कुन कुरा र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम सफाई पेश गर्ने मौका दिइएकोमा सम्बन्धित व्यक्तिले पनि म्याद भित्रै आफ्नो सफाई पेश गर्नु पर्नेछ ।

१७. **निलम्बन गर्न सक्नेः** (१) पेशागत आचारण उल्लंघन गरेको वा ऐनको दफा १९ बमोजिम नाम दर्ता गराएको आरोप लागेको व्यक्तिलाई जाँचबुझ समितिले जाँचबुझ प्रारम्भ भएको मितिदेखि दर्तावाला स्वास्थ्य व्यवसायीबाट निलम्बन गर्न सक्नेछ ।

तर देहायको अवस्था नभइ सामान्यतया निलम्बन गरिने छैन :-

नेपाल कानून आयोग

(क) निलम्बन नगरी स्वास्थ्य व्यवसाय गर्न दिंदा झुठ्ठा सबुत प्रमाण संकलन गर्न सक्ने वा आफ्नो विरुद्धको सवुत प्रमाण गायब गर्न सक्ने सम्भावना देखिएमा, वा

(ख) निलम्बन नगरी स्वास्थ्य व्यवसाय गर्न दिंदा स्वास्थ्य व्यवसायमा हानी नोक्सानी पुर्याउने सम्भावना देखिएमा ।

(२) उपनियम (१) बमोजिम कुनै स्वास्थ्य व्यवसायीलाई निलम्बन गर्दा सामान्यतया दुई महिना भन्दा बढी अवधिको लागि निलम्बन गर्न हुँदैन । सो अवधि भित्रै स्वास्थ्य व्यवसायी उपर लगाइएको आरोपको सम्बन्धमा कारबाई किनारा लगाई सक्नु पर्नेछ । कुनै असाधारण अवस्था परी उक्त अवधिभित्र कारबाई किनारा लगाउन नसकिने भई निलम्बनको अवधि बढाउनु परेमा परिषद्को पूर्व स्वीकृति लिई बढीमा एक महिनासम्मको लागि निलम्बनको अवधि बढाउन सकिनेछ ।

(३) उपनियम (१) बमोजिम निलम्बन गरिएकोमा वा उपनियम (२) बमोजिम निलम्बनको अवधि बढाइएकोमा सो कुराको जानकारी सम्बन्धित स्वास्थ्य व्यवसायी र निज कुनै स्वास्थ्य संस्थामा कार्यरत भए त्यस्तो स्वास्थ्य संस्थालाई पनि दिनु पर्नेछ । त्यसरी कुनै स्वास्थ्य व्यवसायीलाई निलम्बनमा राख्ने जानकारी प्राप्त भएपछि सम्बन्धित स्वास्थ्य संस्थाले पनि सम्बन्धित स्वास्थ्य व्यवसायीलाई स्वास्थ्य संस्थाको सेवाबाट निलम्बन गर्नु पर्नेछ ।

१८. **दर्ता किताबबाट नाम हटाउन प्रस्ताव गर्नु पर्नेः** (१) नियम १६ बमोजिम सफाई पेश गर्न दिइएको म्यादभित्र सफाई पेश नगरेमा वा पेश हुन आएको सफाई सन्तोषजनक नभएमा त्यस्तो व्यक्तिको नाम दर्ता किताबबाट किन नहटाउने भनी निजलाई त्यस सम्बन्धमा स्पष्टीकरण पेश गर्न कम्तीमा तीस दिनको म्याद दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम स्पष्टीकरण पेश गर्ने मौका दिंदा नियम १६ को उपनियम (३) बमोजिम पेश हुन आएको सफाई सन्तोषजनक नभएमा त्यसको कारण समेत खुलाउनु पर्नेछ ।

नेपाल कानून आयोग

(३) उपनियम (१) बमोजिम स्पष्टीकरण पेश गर्ने मौका दिएकोमा सम्बन्धित व्यक्तिले पनि म्यादभित्रै स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

१९. **<u>जाँचबुझ समितिको प्रतिवेदन :</u>** (१) जाँचबुझ समितिले जाँचबुझको काम समाप्त गरेपछि परिषद् समक्ष आफ्नो प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश गरिने प्रतिवेदनमा कुनै व्यक्तिको नाम दर्ता किताबबाट हटाउनु पर्ने वा नपर्ने कारण सहितको आफ्नो राय ठहरको साथै प्राप्त सबुत प्रमाण समेत संलग्न गर्नु पर्नेछ ।

२०. **<u>परिषद्ले निर्णय गर्ने</u>** : नियम १९ बमोजिम जाँचबुझ समितिले पेश गरेको प्रतिवेदन परिषद्ले अध्ययन गर्दा मूलत : आरोप लागेको व्यक्तिलाई नियम १६ र १८ बमोजिम क्रमश : सफाइ र स्पष्टीकरण पेश गर्न पर्याप्त मौका दिए नदिएको तथा निजले पेश गरेका सफाइ र स्पष्टीकरण तथा सो साथ संलग्न प्रमाण र जाँचबुझ समितिले आफूले संकलन गरेको प्रमाणको वस्तुनिष्ठ मूल्यांकन तथा विश्लेषण गरे वा नगरेको कुरा समेतलाई विचार गरी आरोप लागेको व्यक्तिले आरोपित कसूर गरे वा नगरेको सम्बन्धमा उचित मूल्याङ्कन गरी स्पष्ट कारण खुलाई निर्णय गर्नु पर्नेछ ।

२१. **<u>निर्णयको जानकारी</u>** : पेशागत आचरण उल्लंघन गरेको वा ऐनको दफा १९ बमोजिम नाम दर्ता गराएको आरोपमा कुनै व्यक्तिको नाम परिषद्को दर्ता किताबबाट हटाउने गरी नियम २० बमोजिम परिषद्ले निर्णय गरेमा त्यस्तो निर्णयको जानकारी सम्बन्धित व्यक्ति र निज कुनै स्वास्थ्य संस्थामा कार्यरत भए त्यस्तो स्वास्थ्य संस्थालाई समेत दिनु पर्नेछ ।

२२. **<u>निलम्बनको समाप्ति</u>** : पेशागत आचरण उल्लंघन गरेको वा ऐनको दफा १९ बमोजिम नाम दर्ता गराएको भनी कुनै व्यक्ति उपर लागेको आरोप नियम २० बमोजिम परिषद्बाट प्रमाणित भए वा नभएको अवस्थामा त्यस्तो व्यक्तिलाई नियम १७ बमोजिम निलम्बन गरेको भए त्यस्तो निलम्बन स्वतः समाप्त भएको मानिनेछ ।

## परिच्छेद-६

## <u>पुनः नाम दर्ता सम्बन्धी कार्यविधि</u>

नेपाल कानून आयोग

२३. **पुनः नाम दर्ता :** पेशागत आचरण उल्लंघन गरेको वा ऐनको दफा १९ बमोजिम नाम दर्ता गराएको कारणबाट दर्ता किताबबाट नाम हटाइएको व्यक्तिले मनासिब माफिकको कारण देखाइ पुनः नाम दर्ता गराउन दरखास्त दिएमा र परिषद्ले निजको नाम पुनः दर्ता गर्न मनासिब देखेमा नाम दर्ता गर्ने निर्णय गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्णय भएमा रजिष्ट्रारले परिच्छेद-२ मा उल्लिखित कार्यविधि अपनाई दरखास्तवालाको नाम दर्ता किताबमा पुनः दर्ता गरी प्रमाणपत्र दिनेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्ले कुनै व्यक्तिको नाम दर्ता किताबबाट हटाउने निर्णय गरेको मितिले एक वर्ष पूरा नभई सोही व्यक्तिको नाम पुनः स्वास्थ्य व्यवसायीको रूपमा परिषद्को दर्ता किताबमा दर्ता गरिने छैन।

२४. **अर्को विषय वा तहको स्वास्थ्य व्यवसायीमा नाम दर्ताः** ऐन तथा यस नियमावली बमोजिम एक विषय वा तहमा नाम दर्ता भएको स्वास्थ्य व्यवसायीले अर्को विषय वा तहको योग्यता प्राप्त गरी योग्यता अनुसारको विषय वा तहमा नाम दर्ता गराउन चाहेमा परिच्छेद-२ मा उल्लिखित कार्यविधि पूरा गरी परिषद्ले त्यस्तो व्यक्तिको नाम परिषद्को दर्ता किताबमा दर्ता गर्ने निर्णय गर्न सक्नेछ ।

## परिच्छेद-७

## अध्यक्ष, सदस्य तथा रजिष्ट्रार सम्बन्धी व्यवस्था

२५. **अध्यक्षको काम, कर्तव्य तथा अधिकारः** ऐन तथा यस नियमावलीमा लेखिएका अन्य व्यवस्थाको अधीनमा रही अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) परिषद्को बैठकमा छलफल गरिने विषयहरूको प्राथमिकता निर्धारण गर्ने,

(ख) परिषद्द्वारा सञ्चालित योजना तथा कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने र तत्सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ग) परिषद्को काम कारबाई व्यवस्थित, प्रभावकारी र सुचारुरूपबाट सञ्चालन गर्ने,

(घ) संस्थाको प्रमुखको हैसियतले गर्नु गराउनु पर्ने अन्य सम्पूर्ण कार्यहरू गर्ने, गराउने ।

२६. **अध्यक्ष, सदस्य तथा रजिष्ट्रारको बैठक भत्ता र अन्य सुविधाः** (१) अध्यक्ष, सदस्य तथा रजिष्ट्रारले परिषद्को बैठकमा भाग लिंदा प्रत्येक बैठकको लागि अध्यक्षलाई √एक हजार रुपैयाँ र सदस्य तथा रजिष्ट्रारलाई √एक हजार रुपैयाँ बैठक भत्ता दिइनेछ ।

√(२) ऐन तथा यस नियामावली बमोजिम गठित समितिको बैठकमा भाग लिने संयोजक, सदस्य, विशेषज्ञ र रजिष्ट्रारलाई प्रत्येक बैठकमा भाग लिए वापत आठ सय रुपैयाँ बैठक भत्ता दिइनेछ ।

≥(३) अध्यक्षलाई सवारी इन्धन, आवसमा जडान टेलिफोन, इन्टरनेट र पत्रपत्रिका वापत प्रति महिना एकमुष्ट पन्ध्र हजार रुपैयाँ लिइनेछ ।

२७. **रजिष्ट्रारको पारिश्रमिकः** (१) नेपाल सरकारले नेपाल सरकारको सेवामा रहेको कर्मचारीलाई ऐनको दफा १३ बमोजिम परिषद्को रजिष्ट्रार भई काम गर्न तोकेमा परिषद्ले त्यस्तो रजिष्ट्रारलाई मासिक √दस हजार रुपैयाँ भत्ता दिइनेछ ।

(२) ऐनको दफा १३ बमोजिम नेपाल सरकारको सेवामा नरहेको व्यक्तिलाई नेपाल सरकारले रजिष्ट्रारको पदमा नियुक्ति गरेमा त्यस्तो रजिष्ट्रारलाई परिषद्ले स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिमको कम्तीमा √नवौं तहमा कार्यरत कर्मचारीले पाउने तलब र भत्ता पाउने भए भत्ता समेत दिइनेछ ।

२८. **रजिष्ट्रारको काम, कर्तव्य र अधिकार** : ऐन र यस नियमावलीमा लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) परिषद्को सामान्य प्रशासन र व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

---

√ पहिलो संशोधनद्वारा संशोधित ।

≥ पहिलो संशोधनद्वारा थप ।

(ख) परिषद्को कोषको रेखदेख र नियन्त्रण गर्ने तथा सम्पत्तिको सुप्रवन्ध र स्याहार सम्भारको व्यवस्था गर्ने, गराउने,

(ग) परिषद्को वार्षिक कार्यक्रम तथा योजना तर्जुमा गरी परिषद्मा पेश गर्ने,

(घ) परिषद्को वार्षिक आय व्यय तथा पूरक आय व्ययको विवरण तयार गर्ने,

(ङ) परिषद्बाट स्वीकृत बजेटको अधीनमा रही परिषद्को योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने,

(च) परिषद्को आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षण गराउने व्यवस्था गर्ने,

(छ) परिषद् र स्वास्थ्य व्यवसायीहरू बीच सम्पर्क अधिकारीको रूपमा काम गर्ने,

(ज) परिषद्ले निर्देशन दिए बमोजिमका अन्य कार्यहरू गर्ने, गराउने ।

## परिच्छेद-८

## निर्वाचन सम्बन्धी व्यवस्था

२९. **निर्वाचन :** ऐनको दफा ४ को उपदफा (१) को खण्ड (च) को प्रयोजनको लागि देहायका विषय समूहका दर्तावाला स्वास्थ्य व्यवसायीको प्रत्येक समूहबाट एकजनाको दरले चारजना सदस्य पदको लागि निर्वाचन हुनेछ :-

(क) जनस्वास्थ्य समूह,

(ख) चिकित्सा समूह,



नेपाल कानून आयोग

√(ग) चिकित्सा विज्ञान प्रयोगशाला, रेडियोलोजी, भौतिक चिकित्सा तथा पुनस्थापना समूह,

√(घ) आयुर्वेद, दन्त विज्ञान, नेत्र विज्ञान तथा विविध समूह ।

**३०. <u>मतदाताः</u>** (१) निर्वाचन समितिको गठन हुँदाको बखत परिषद्मा नाम दर्ता भै सकेका स्वास्थ्य व्यवसायीहरू सम्बन्धित विषय समूहबाट परिषद्मा प्रतिनिधित्व हुने सदस्य पदको निर्वाचनमा मतदाता हुनेछन् ।

√(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका व्यक्तिहरु परिषद्को सदस्य पदको निर्वाचनमा मतदाता हुन सक्ने छैनन् :-

(क) नियम ८ को उपनियम (२) बमोजिम नाम दर्ता भएका गैर नेपाली नागरिक,

(ख) दर्ता किताबबाट नाम हटाइएका स्वास्थ्य व्यवसायी,

(ग) नियमावली अनुसार अद्यावधिक नभएका स्वास्थ्य व्यवसायी ।

**३१. <u>उम्मेदवारको योग्यताः</u>** निर्वाचनमा उम्मेदवार हुनको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-

(क) स्वास्थ्य व्यवसायसँग सम्बन्धित विषयमा कम्तीमा प्रमाणपत्र तह वा सो सरहको उपाधि प्राप्त गरेको,

(ख) स्वास्थ्य व्यवसायमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको,

(ग) परिषद्मा आफू उम्मेदवार हुन चाहेको समूहसँग सम्बन्धित विषय समितिमा नाम दर्ता भएको ।

**३२. <u>निर्वाचित भएको मानिने</u>** : (१) निर्वाचनमा सबै भन्दा बढी मत प्राप्त गर्ने व्यक्ति निर्वाचित भएको मानिनेछ ।

---

√ पहिलो संशोधनद्वारा संशोधित ।

(२) तर कुनै समूहमा हुने निर्वाचनको लागि एक मात्र उम्मेदवार खडा भएमा त्यस्ता उम्मेदवार निर्विरोध निर्वाचित भएको मानिने छन् ।

३३. **निर्वाचन समिति** : (१) परिषद्ले नियम ३१ बमोजिम निर्धारित योग्यता भएका व्यक्तिहरूमध्येबाट एकजना सदस्यको अध्यक्षतामा अन्य दुईजना सदस्यहरू भएको तीन सदस्यीय एक निर्वाचन समितिको गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित निर्वाचन समिति निर्वाचनको परिणाम प्रकाशन भएपछि स्वतः विघटन हुनेछ ।

(३) यस नियमावली बमोजिम निर्वाचन सम्पन्न गर्दा लाग्ने सम्पूर्ण खर्च परिषद्को कोषबाट व्यहोरिनेछ ।

३४. **निर्वाचन समितिको काम, कर्तव्य र अधिकार** : (१) निर्वाचनको लागि मतदाता नामावली प्रकाशन गर्ने, मतदाता नामावलीमा दावी विरोधको सुनुवाई गर्ने, अन्तिम मतदाता नामावलीको प्रकाशन गर्ने, उम्मेदवारको मनोनयन पत्र जाँच्ने, मनोनयन पत्रमा दाबी विरोधको सुनुवाई गर्ने, मतदान केन्द्र तोक्ने, मतदान गराउने, मतगणना गर्ने र निर्वाचनको परिणामको घोषणा गर्ने जस्ता निर्वाचन सम्बन्धी सम्पूर्ण काम, कर्तव्य र अधिकारको प्रयोग निर्वाचन समितिले गर्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्वाचन समितिले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकार प्रयोग गर्दा निर्वाचन सम्बन्धी फारामहरूको ढाँचाहरू तोक्ने, निर्वाचनको लागि अन्य आवश्यक निर्देशिकाहरू जारी गर्न र निर्वाचन सम्पन्न गर्न आवश्यक पर्ने व्यक्तिहरूलाई काममा लगाउन सक्नेछ ।

## परिच्छेद-९

## विविध

√**३५. सजाय** : (१) कसैले ऐनको दफा २० विपरीत स्वास्थ्य व्यवसाय गरेमा निजलाई पच्चीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

√ पहिलो संशोधनद्वारा संशोधित ।

(२) कसैले उपनियम (१) मा लेखिएदेखि बाहेक ऐन वा यस नियमावली विपरीत अन्य काम गरेमा निजलाई दश हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

३६. **नाम दर्ताको अभिलेख अद्यावधिक राख्नु पर्ने :** (१) यस नियमावली बमोजिम परिषद्मा नाम दर्ता गरिएको प्रत्येक स्वास्थ्य व्यवसायीको नाम रजिष्ट्रारले विषयगत तथा तहगत रूपमा खडा गरिएको दर्ता किताबमा अद्यावधिक रूपमा राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम परिषद्को दर्ता किताबमा अद्यावधिक रूपमा राखिएको स्वास्थ्य व्यवसायीहरूको नाम प्रत्येक पाँच वर्षमा परिषद्ले सार्वजनिक रूपमा प्रकाशन गर्नेछ ।

√३७. **विवरण र शुल्क दाखिला गर्नु पर्ने :** (१) प्रत्येक दर्तावाला स्वास्थ्य व्यवसायीले नाम दर्ताको अभिलेख अद्यावधिक गर्ने प्रयोजनको लागि परिषद्ले तोके बमोजिमको ढाँचाको विवरण फाराम भरी परिषद्मा पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको विवरण फाराम साथ स्वास्थ्य व्यवसायीले नियम ४ मा उल्लिखित दस्तुरको पचास प्रतिशत रकम शुल्क वापत परिषद्मा दाखिला गर्नु पर्नेछ ।

(३) उपपिनयम (१) र (२) बमोजिम विवरण फाराम र शुल्क पेश वा दाखिला नगर्ने स्वास्थ्य व्यवसायीको नाम अद्यावधिक सूचीमा समावेश गरिने छैन र निज परिषद्को कुनै पनि पदमा नियुक्ति वा मनोनयन हुन सक्ने छैन ।

३८. **समिति गठन गर्न सक्ने :** (१) परिषद्ले कुनै नीतिगत विषयमा निर्णय गर्नु पर्दा तत्सम्बन्धी विषयमा अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न सदस्यहरू र आवश्यकता अनुसार विशेषज्ञ समेत रहेको समिति गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार तथा कार्यावधि परिषद्ले तोकिदिए बमोजिम हुनेछ ।

३९. **<u>अनुसूचीमा थपघट वा हेरफेर गर्ने अधिकारः</u>** नेपाल सरकारले परिषद्को सल्लाहमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीको अनुसूचीमा आवश्यकता अनुसार थपघट वा हेरफेर गर्न सक्नेछ ।

नेपाल कानून आयोग

**<u>द्रष्टब्य</u>** :- केही नेपाल ऐन संशोधन गर्ने ऐन,२०६३ द्वारा रुपान्तरण गरिएका शब्दहरु :-
"श्री ५ को सरकारको सट्टा "नेपाल को सरकार"

अनुसूची-१

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

**<u>नाम दर्ताको लागि दरखास्त दिने फाराम</u>**

| हालसालै खिचिएको दुवै कान देखिने पासपोर्ट साक्षजको फोटो |
|---|

श्री नेपाल स्वास्थ्य व्यवसायी परिषद्,

काठमाडौं ।

नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ को दफा १६ र नेपाल स्वास्थ्य व्यवसायी परिषद् नियमावली, २०५५ को नियम ५ बमोजिम नेपाल स्वास्थ्य व्यवसायी परिषद्को दर्ता किताबमा नाम दर्ता गराउन देहाय बमोजिमको विवरण खोली यो दरखास्त पेश गरेको छु ।

१. पूरा नाम र थर : ..........................................................................

२. NAME: (IN BLOCK LETTERS)

३. जन्म मिति :..........................................................................

४. बाबुको नाम :-..........................................................................

५. बाजेको नाम :..........................................................................

६. विवाहिता भए पति वा पत्नीको नाम :-....................................................

७. स्थायी ठेगानाः अञ्चलः...................... जिल्लाः ................... गा.वि.स./नगरपालिका ..................................वार्ड नं. ........ टोल ................... गाउँ ..................

अस्थायी ठेगानाः अञ्चलः.......................... जिल्लाः ............ गा.वि.स./नगरपालिका ............................ वार्ड नं. ........ टोल ...................... गाउँ ..................

८. पत्र व्यवहार गर्ने ठेगानाः- ...............................................................



नेपाल कानून आयोग

९. कुनै स्वास्थ्य संस्थामा कार्यरत भए सो संस्थाको नामः-

ठेगानाः-

१०. हाल दर्ता हुन चाहेको विषय : ............................तह ...........................

११. यस भन्दा अघि कुनै व्यवसायी परिषद्मा नाम दर्ता भएको भए :-

परिषद्को नाम :-

दर्ता नं. ............... मिति ................ विषय ................तह ..............

१२. शैक्षिक योग्यता वा उपाधिको विवरण

(क) सामान्य

| क्र. सं. | प्राप्त गरेको शैक्षिक योग्यता वा उपाधि | अध्ययन संस्थान | साल | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नेपाल कानून आयोग

(ख) व्यावसायिक

| क्र.सं. | प्राप्त गरेको शैक्षिक योग्यता वा उपाधि | अध्ययन संस्थान | साल | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

उपरोक्त बमोजिम लेखिएको विवरण ठीक साँचो छ । झुट्टा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला ।

निवेदकको,-

हस्ताक्षर..........................

पूरा नाम, थर ..................

मिति .............................

<u>द्रष्टब्य</u>: दरखास्तवालाले दरखास्त साथ पासपोर्ट साइजको तीन प्रति फोटो, नागरिकताको प्रमाणपत्र र दरखास्त फाराममा लेखिए बमोजिमको शैक्षिक योग्यता वा उपाधि वा तालिमको प्रमाणपत्रको सक्कल र प्रमाणित नक्कल दुई प्रति समेत संलग्न गर्नु पर्नेछ ।

नेपाल कानून आयोग

अनुसूची-२

(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)

**दर्ता किताब**

| दर्तावाला स्वास्थ्य व्यवसायीको फोटो |
|---|

दर्ता नं. :

पेज नं. :

नाम :

ठेगाना :

बाबुको नाम :

कार्यरत संस्था र ठेगाना :

शैक्षिक योग्यता :

(क) सामान्य

१.

२.

३.

४.

(ख) व्यावसायिक

१.

२.

३.

४.

नेपाल कानून आयोग

परिषद्को निर्णय मिति :

प्रमाणपत्र वाहकको हस्ताक्षरः

विवरण भर्नेको सही :

दर्ता मितिः

रजिष्ट्रारको हस्ताक्षरः

विवरण थप तथा परिवर्तन आदि

| मिति | विवरण | विवरण भर्नेको सही | रजिष्ट्रारको सही | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची-३

(नियम १० को उपनियम (१) सँग सम्बन्धित)

नेपाल स्वास्थ्य व्यवसायी परिषद्

**<u>दर्ता प्रमाणपत्र</u>**

| दर्ता प्रमाणपत्र पाउनेको फोटो |
|---|

...................... अञ्चल ................. जिल्ला ......................... नगरपालिका-गाउँ विकास समिति, वार्ड नं. ................ वस्ने वर्ष .....................को ................श्री .......................लाई परिषद्को मिति .......................को निर्णय अनुसार ......................... विषयको .......................तहमा दर्ता किताबमा नाम दर्ता गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ को दफा १७ को उपदफा (४) तथा नेपाल स्वास्थ्य व्यवसायी परिषद् नियमावली, २०५५ को नियम १० बमोजिम यो दर्ता प्रमाणपत्र दिइएको छ ।

दर्ता नम्बर :

दर्ता प्रमाणपत्र जारी भएको मिति :

परिषद्को छाप :

हस्ताक्षर ...........................

नाम .............................

रजिष्ट्रार

दष्टब्यः गैर नेपाली नागरिकको हकमा यो प्रमाणपत्र जारी भएको मितिले एक वर्षसम्मको लागि मात्र मान्य हुनेछ ।



नेपाल कानून आयोग

अनुसूची-४

(नियम ११ सँग सम्बन्धित)

**नेपाल स्थास्थ्य व्यवसायी परिषद्**

**नाम दर्ता नभएको जानकारी**

श्री ................................

....................................

...................................

तपाईंले परिषदमा नाम दर्ता गराउनको लागि मिति ......................मा दिनु भएको दरखास्त उपर जाँचबुझ हुँदा देहायको कारणले तपाईंको नाम परिषद्को दर्ता किताबमा दर्ता नगर्ने निर्णय परिषदबाट मिति ......................मा भएको जानकारी गराउँदछु ।

नाम दर्ता नगरिएको कारणः

(क)

(ख)

(ग)

हस्ताक्षर ..........................

नाम : ............................

रजिष्ट्रार

नेपाल कानून आयोग